# उच्च अदालत विराटनगर
# अस्थायी इजलास ओखलढुंगा

## आ.व.२०७५/०७६ को बार्षिक प्रतिवेदन

# भूमिका

न्याय शव्द अमूर्त छ। यसको मापदण्ड गर्न गाह्रो छ। यो अनुभूति गर्ने कुरा हो। यसको परिभाषा र व्याख्या समय, स्थान, परिस्थिति अनुसार परिवर्तन हुने गर्दछ। यो शब्दको उच्चारण गर्न जति सजिलो छ यसको अर्थ र परिभाषा गर्न त्यतिकै जटिल छ।यसो हुनुमा यसको प्रकृति, गुण वा स्वभाव जहिले पनि गतिशिल र बृहद हुनु नै हो। त्यसैले यसलाई परिभाषित गर्नु भनेको यसको निश्चित सिमा र घेरा तोक्नु र खुम्च्याउने दुरुत्साहन गर्नु मात्र हो भन्ने बुझिन्छ। न्यायको व्याख्या र परिभाषा व्यापक र बिस्तृत अर्थमा बुझिने भएतापनि यसलाई अदालतसंग जोडेर पर्यायबाचीको रुपमा हेरिने गरिएको पाइन्छ। यसो हुनुमा न्याय शब्दको सम्बन्ध कानूनी शासनसंग गासिएको हुन्छ भने कानुनी शासनको प्रत्यक्ष सम्बन्ध अदालतसंग जोडिएको हुन्छ। अदालतले नै अमूर्त कानूनलाई मूर्त रुप दिने वा गतिशिल व्याख्या गरी कानूनको प्राण भर्ने काम गर्दछ।अदालतको यसै भूमिकालाई लिएर अदालतलाई संविधान एवं कानूनको संरक्षक, नागरिक अधिकारको रक्षकको रुपमा लिएको पाइन्छ।

शक्ति पृथकीकरण सिद्धान्त अनुसार कानूनको व्याख्या गर्ने, कानूनको उलंघन भए नभएको घोषणा गर्ने, कानून विपरीतका कार्यलाई बदर गर्ने, व्यक्तिदेखि सरकारसमेतको काम कारवाहीलाई कानूनी कसीमा राखेर परीक्षण गर्ने कार्य अदालत वा न्यायिक निकायको जिम्मेवारी अन्तर्गत पर्दछ।यस्तो गहन जिम्मेवारीको भूमिका भएको न्यायिक निकायलाई स्वतन्त्र, सक्षम र निश्पक्ष राख्नुपर्ने हुन्छ। यही कुरालाई मध्येनजर गरेर अदालतको संरचना, क्षेत्राधिकार र काम कारवाहीलाई संविधान तथा कानूनले स्पष्ट गरेको हुन्छ।

२०७२ साल असोज ३ गते वर्तमान संविधान जारी भएपछि नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरेको तीन तहको साविकमा भइरहेको सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतको सट्टा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी ३ तह नै रहने व्यवस्था गरेतापनि साविकको पुनरावेदनको क्षेत्राधिकार र संरचनामा परिबर्तन भएको छ। साविकमा १६ वटा पुनरावेदन अदालत रहेकोमा बर्तमान संबिधानको धारा १३९ मा प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने भन्ने र न्याय प्रशासन ऐन, २०७३ को दफा ५(१) मा प्रत्येक प्रदेशको राजधानी रहेको ठाउँमा उच्च अदालत रहने व्यवस्था छ। एवं न्याय प्रशासन ऐन, २०७३ समेतबाट प्रत्येक प्रदेशको राजधानी रहेको स्थानमा उच्च अदालत रहने व्यवस्था अनुसार ७ वटा प्रदेशमा ७ वटा उच्च अदालत रहेको छ। साविकमा पुनरावेदन अदालतको रुपमा रहेको अदालतहरुलाई उच्च अदालतको इजलास र थप नयाँ २ वटा अस्थायी इजलाससमेतको गठन हुने क्रममा यो अदालत स्थापना भएको हो।

यो अदालतको भवन २०४४ सालमा उद्घाटन हुँदा सगरमाथा अञ्चल अदालत, ओखलढुङ्गा वेञ्चको रुपमा, २०४७ सालको संविधान जारी हुँदा अञ्चल अदालत खारेज भई पुनरावेदन अदालत गठन भएपछि पुनरावेदन

अदालत राजविराजको मुकामको रुपमा र हालको बर्तमान संविधान जारी भएपछि पुनरावेदन अदालत खारेज भई उच्च अदालतको व्यवस्था भएपछि प्रदेश नं. १ को अस्थायी इजलासको रुपमा गठन भई विभिन्न आरोह अवरोह पार गर्दै आएको छ। यसको साथै साविकमा थोरै कर्मचारीहरुको दरवन्दी कायम रहेको भएपनि न्याय निरुपण सम्बन्धी कुनै काम नहुने भई कोमामा रहेको अवस्थाबाट आफूलाई विउँताउन सफल भएको छ।
स्थापनाको शुरुवाती दिनमा यस अदालले कर्मचारी बसेर काम गर्ने कोठा, इजलास, च्याम्बर, फर्निचर, कप्यूटर लगायत अन्य भौतिक श्रोतसाधन तथा जनशक्तिसमेतको ठूलो अभावको सामना गर्दै आफ्नो काम कारवाही अगाडि बढाएको थियो। यो अदालत स्थापना हुंदा मुलुकमा तेश्रो पञ्चवर्षिय रणनीतिक योजना चलिरहेको थियो। यो रणनीतिक योजनाले विभिन्न लक्ष्य र रणनीतिहरु निर्धारण गर्दै अदालतहरुलाई मुद्दाको वार्षिक लगतको आधारमा अलग अलग समूहमा विभाजन गरी ती अदालतहरुले फछ्र्यौट गर्नुपर्ने लक्ष्यसमेत निर्धारण गरेको अवस्थामा यस अदालतले स्थापना कालदेखि नै आफूले वर्षभरि गर्नुपर्ने कार्यहरुको सूची तयार गरी वार्षिक कार्ययोजना बनाई त्यसलाई मासिक रुपमा विभाजन गरी लक्ष्य निर्धारण गर्ने र सो लक्ष्यमा पुग्ने गरी कार्य सम्पादन गर्दै आएको छ, जो आज तेश्रो वर्ष पार गरी चौथो वर्षमा प्रवेश गर्दैछ।

स्थापनाको दृष्टिले यो अदालत शिशु अवस्थाको रहेतापनि हरेक वर्ष आफूले तर्जुमा गरेको कार्य योजनामा लिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्दै आएको छ र यस आ.व. मा समेत उत्साहपूर्ण तरिकाले लक्ष्य हासिल गर्न सफल भएको छ। विगतमा सानो संख्यामा त्यसमा पनि काजमा झिकाई आफ्नो दैनिक काम कारवाही गर्दै आएकोमा यसै आ.व. मा O & M सर्भेक्षण भई थप कर्मचारीहरुको दरबन्दी कायम भई दरबन्दी अनुसार कर्मचारीहरुको पूर्तीसमेत हुने क्रममा छ। यस अदालमा दिनदिनै मुद्दाको लगत संख्या बढ्दै गएको, रणनीतिक योजनाले प्रक्षेपण गरे अनुरुप मुद्दाको फछ्र्यौट गर्नुपर्ने वाध्यात्मक स्थिति रहेको हुँदा निरन्तर रुपमा २ वटा इजलास गठन भै कार्यसम्पादन गर्नुपर्ने स्थिति छ तर न्यायाधीशको दरवन्दी स्थापनाको समयदेखि नै ३ जनामा सिमित रहेको हुँदा कम्तीमा १ जना न्यायाधीशको दरबन्दी थप गर्नुपर्ने टड्कारो आवश्यकता छ। अदालत भवनको अपुग कोठाहरुलाई टेवा दिने उदेश्यले टहरा भवनहरुको निर्माण, सेवाग्राहीहरुको लागि प्रतिक्षालयको निर्माण भएपनि स्थायी रुपमा नयाँ मापदण्ड अनुरुपको भवनको निर्माणको लागि जग्गा प्राप्त गर्ने कार्यमा सोचेजस्तो प्रगति हुन सकको छैन।
उपरोक्त कार्यहरु सफल हुनुमा यो अदालतको एक्लो प्रयास भने होइन। यसमा यहाका स्थानीय जनता, यस अदालतको क्षेत्राधिकार अन्तर्गतका विभिन्न न्यायिक तथा अर्धन्यायिक निकाय लगायतका विभिन्न कार्यालयहरु, कानून व्यवसायी, सरोकारवाला पक्षहरुको उतिकै सदासयता, सहयोग र समन्वयको भूमिका रहेको छ। साथै आगामी दिनमा यसले निरन्तरता पाउनेछ भन्ने आशा र विश्वास राख्दछ।

**उच्च अदालत बिराटनगर**
**अस्थायी इजलास ओखलढुङ्गा**

# बिषय सूची

## परिच्छेद — एक

## प्रारम्भिक


| बिषय | | पृष्ठ संख्या |
|---|---|---|
| १.१ | पृष्ठभुमि | १-२ |
| १.२ | उच्च अदालतको गठन सम्बन्दमा भएको संवैधानिक कानूनी व्यवस्था | २ |
| १.३ | संगठनात्मक स्वरुप | २ |
| १.३.१ | अदालतको संरचना | २-३ |
| १.३.२ | जनशक्तिको अबस्था | ३-५ |
| १.४ | अदालतको अधिकारक्षेत्र | ५ |
| १.४.१ | शुरू क्षेत्राधिकार | ५ |
| १.४.२ | पुरावेदकीय क्षेत्राधिकार | ६ |
| १.४.३ | साँधक जाँच | ६ |
| १.५ | सम्पादित कामको बिबरण | ६ |
| १.५.१ | उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगा, समुह(ख) | ६ |
| १.५.२ | लगत तथा फछ्यौंटको स्थिति | ६-८ |
| १.५.३ | निरिक्षण तथा निर्देशन | ८-९ |
| १.६ | अदालत भवनको स्थिति र भौतिक अबस्था | ९-१० |


## परिच्छेद — दुई

## योजना र बिकास


| | | |
|---|---|---|
| २.१ | न्यायपालिकाको रणनितीक योजना | ११ |
| २.२ | आ.व. २०७५/०७६ को बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति समिक्षा | ११ |
| २.२.१ | मुद्दा तथा रिट तर्फ | ११-१२ |
| २.२.२ | प्रतिवेदन तर्फ | १२ |
| २.२.३ | योजनाद्धारा निर्धारित अन्य कार्य | १२ |
| २.२.४ | व्यवस्थापकीय कार्य | १२ |
| २.३ | निर्माण तथा भौतिक सुधारका कार्यहरु | १२ |
| २.४ | तालिम समिक्षा,गोष्ठी तथा क्षमता बिकास सम्बन्धि कार्यहरु | १३ |
| २.५ | योजना बमोजिम प्रगति हासिल नभएका कार्यहरु | १३ |


## परिच्छेद- तीन


| | | |
|---|---|---|
| ३.१ | उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगाको बिभिन्न प्रकृतिका मुद्दाको लगत तथा फछ्यौंट | १४ |
| ३.१.१ | मुद्दातर्फ | १४ |

३.१.२ रिटतर्फ १४-१५
३.१.३ निवेदन प्रतिवेदनतर्फ १५
३.१.४ फुटकर निवेदनतर्फ १५
३.१.५ व्यवस्थापकीय कार्यतर्फ १५
३.१.५.१ बार्षिक कार्य योजनाले निर्धारण गरेको कार्यहरु १५
३.१.५.२ अन्य व्यवस्थापकीय कार्यहरु १५-१६

## परिच्छेद — चार

**४.१ उदयपुर जिल्ला अदालत**
४.१.१ लगत तथा फर्छ्यौट १७-१८
४.१.१.२ सुपरिवेक्षण तथा निरिक्षणतर्फ १९
४.१.१.३ व्यवस्थापकीय कार्यतर्फ १९
**४.२ खोटाङ जिल्ला अदालत**
४.२.१ लगत तथा फर्छ्यौट २०
४.२.१.१ मुद्दातर्फ २०-२१
४.२.१.२ सुपरिवेक्षण तथा निरिक्षणतर्फ २२
४.२.१.३ व्यवस्थापकीय कार्यतर्फ २२
**४.३ सोलुखुम्बु जिल्ला अदालत**
४.३.१ लगत तथा फर्छ्यौट २३
४.३.१.१ मुद्दा तर्फ २३-२४
४.३.१.२ सुपरिवेक्षण तथा निरिक्षणतर्फ २५
४.३.१.३ व्यवस्थापकीय कार्यतर्फ २५
**४.४ ओखलढुंगा जिल्ला अदालत**
४.४.१ लगत तथा फर्छ्यौट २६
४.४.१.१ मुद्दा तर्फ २७
४.४.१.२ सुपरिवेक्षण तथा निरिक्षणतर्फ २८
४.४.१.३ व्यवस्थापकीय कार्यतर्फ २८

## परिच्छेद — पाँच

**समस्या,सामाधानका सुझावहरु** २९-३०

# परिच्छेद -१
## प्रारम्भिक

### १.१ पृष्ठभुमिः-

राज्यका प्रमुख कार्यहरुमध्ये न्याय निरुपण एक हो ।शक्ति पृथकीकरणको सिद्धान्त अनुसार न्याय निरुपण गर्ने जिम्मेवारी न्यायिक निकायमा रहेको छ। न्यायीक निकायलाई अन्य निकाय वा अंगले संविधान एवं कानून मिचेर गरेको कार्य वा अन्य अंग वा निकायले गरेको काम कारवाहीलाई कानूनी कसी लगाई त्यस्ता अंग वा निकायको स्वेच्छाचारितामाथि अंकुस लगाउने र निरंकुस हुन नदिने जिम्मेवारी समेत शक्ति सन्तुलन तथा नियन्त्रणको सिद्धान्तले प्रदान गर्दछ। सोहि अनुरुप नेपालको संबिधानले न्याय निरुपणको जिम्मेवारी अदालत तथा अन्य न्यायीक निकायलाई प्रदान गरेको छ। संबिधानले नै सामान्य अदालत(Court of law) को रुपमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत र अन्य न्यायिक निकायको रुपमा विशिष्ठिकृत अदालत, न्यायाधिकरणहरु रहेने व्यवस्था गरेको छ।

अदालतको सबैभन्दा ठुलो सम्पति नै जनआस्था हो । न्याय समपादनको जस्तो गहन जिम्मेवारी बोकेर हिंड्ने न्यायपालिकाप्रति जनमानसमा "न्यायको नौ सिङ", "बाजेको पालाको मुद्धा नातिको पालासम्म रहने", "भोलिवाद" ले गाँजेको र "अत्यधिक महंगो सेवा" प्रदायक निकायको भाव रहेको हामी सबैले जानेसुनेकै विषय हो। अदालतको कामकारवाही न्याय सम्पादनसंग जोडिएको हुन्छ, न्याय भन्ने शब्द अमूर्त हुन्छ। यसलाई अनुभूति मात्र गर्न सकिन्छ। यसका लागि अदालतले आफ्नो काम कारवाहीलाई छिटो छरितो, पारदर्शी, सरल तथा सुलभ बनाउँदै यस प्रतिको जनआस्थामा वृद्धि गर्दै लैजानु पर्ने अबस्था छ।

अदालतको काम कारवाहीलाई छिटो छरितो र प्रभावकारी बनाई अदालतप्रति रहेको धारणामा परिवर्तन गर्ने उदेश्यले नै न्ययपालिकाले विगत १५ बर्षदेखि योजनाबद्ध रुपमा कार्य थालनी गरेको छ। न्यायपालिकाले सर्वप्रथम २०६१ साल प्रथम पञ्चबर्षिय रणनीतिक योजना तर्जुमा गरी लागु गरी आएकोमा हाल तेस्रो पञ्चबर्षिय योजनासमेत कार्यान्वयन भई चौथो पञ्चबर्षिय योजना कार्यान्वयनको चरणमा छ।

तेश्रो पञ्च वर्षिय रणनीतिक योजनाले **न्याय प्रकृयालाई छिटो छरितो र सरल बनाउने, न्यायिक प्रकृयालाई पहुँचयोग्य बनाउँने, न्यायिक प्रकृयालाई अनुमानयोग्य बनाउँने र न्यायपालिकाकाप्रति आस्था वा बिश्वास बढाउने ४ प्रमुख लक्ष्य निर्धारण गरी सो लक्ष्यमा पुगन विभिन्न रणनितिहरु निर्धारण गरेको**

**थियो।** यिनै लक्ष्यहरु हासिल गर्न हरेक अदालतले बार्षिक कार्यान्वयन योजना तर्जुमा गर्नुपर्ने र सोहि अनुरुप मुद्दाको फर्छ्यौटको लक्ष्य, फैसला लेखन, मुद्दा अंग पु¥याउने, आन्तरिक निरिक्षण गर्ने कुरा लगायत अन्य भौतिक तथा व्यवस्थापकीय कार्यहरुसमेतका लक्ष्यहरु निर्धारण गर्नु पर्ने थियो।

यस उच्च अदालत विराटनगर,अस्थायी इजलास ओखलढुंगाको स्थापना २०७३ साल असोज ३ गते भएको र सो समयमा न्यायपालिकाको तेस्रो पञ्चवर्षिय रणनीतिक योजना २०७१/०७२-२०७५/०७६ चालु रहेको हुँदा सोही योजनाले निर्धारण गरे अनुरुप यस अदालतले आफ्नो काम कारवाहीलाई योजनावद्ध रुपमा सम्पन्न गर्न पहिलो पटक आ.व. २०७३/०७४ मा पहिलो र आ.व. २०७४/०७५ मा दोश्रो कार्य योजना बनाई सफलतापूर्वक लक्ष्य हासिल गरिसकेको र अघिल्ला ती दुई वर्षको कार्यान्वयन योजनालाई मूल आधार मानी आ.व. २०७५/०७६ मा तेश्रो बार्षिक कार्यान्वयन योजना तर्जुमा गरी प्रस्तुत गरिएकोमा आर्थिक बर्षको अन्त्यसम्म आईपुग्दा आफूले निर्धारण गरेको लक्ष्य उत्साहपूर्ण ढंगले प्राप्त गरेको छ।यस अदालतले ३ वर्षको दौरानमा थुप्रै समस्या र चुनौतिहरुको सामना गर्नु परेपनि त्यसबाट पाठ सिक्दै आफ्नो जिम्मेवारीहरु निर्वाह गरी अगाडी बढ्दै आएको छ।

**१.२ उच्च अदालतको गठन सम्बन्धमा भएको संवैधानिक तथा कानूनी व्याबस्था :-**

नेपालको संबिधानको धारा १३९ मा प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने व्यवस्था गरेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ५(१) मा प्रत्येक प्रदेशको राजधानी रहेको ठाउँमा उच्च अदालत रहने व्यवस्था छ। सोही दफा ५ को उपदफा (३) ले नेपाल सरकारले न्याय परिषदसँग परामर्श गरी कुनै उच्च अदालत रहेको ठाउँका अतिरिक्त त्यस्तो अदालतको प्रादेशित अधिकार क्षेत्र भित्रको अन्य कुनै ठाउँमा त्यस्तो उच्च अदालतको अस्थायी इजलास कायम गर्ने गरी मुकाक तोक्न सक्ने व्यवस्था गरेको छ। सो व्यवस्था अनुरुप प्रदेश नं. १ को उच्च अदालत विराटनगरलाई तोकी अस्थायी इजलासका रुपमा ओखलढुंगामा मुकाम रहने गरी नेपाल सरकारले तोके अनुसार यस अस्थायी इजलास ओखलढुंगाको गठन भएको हो।

**१.३ संगठनात्मक स्वरुप**

**१.३.१ अदालतको संरचना**

यस अदालतमा ३ जना न्यायाधीशको दरबन्दी रहेको छ। यस मध्ये वरिष्ठतम न्यायाधीशले मुख्य भई काम गर्ने न्यायाधीशको रुपमा काम गर्नु हुनेछ। अदालतको प्रशासकीय प्रमुखको रुपमा राजपत्रांकित द्धितिय श्रेणीका रजिस्ट्रर रहने व्यवस्था छ। प्रशासनिक तथा मुद्दा व्यवस्थापनको काम गर्न शाखा अधिकृत र इजलाश व्यवस्थापन लगायतका कामका लागि इजलाश अधिकृत रहने व्यवस्था छ। साथै राजपत्र अनांकित कर्मचारीहरुमा नायब सुब्बा, लेखापाल, कम्प्युटर अपरेटर, सिस्टम सपोर्ट

पर्सन, तामेलदार रहेका छन। यस अदालतमा वैतनिक कानून व्यवसायीको समेत व्यवस्था रहेको छ। साथै अदालतको काम कारवाही सुचारु रुपमा संचालन गर्न अदालत व्यवस्थापन समिति, उच्च अदालत न्याय क्षेत्र समन्वय समिति, पुस्तकालय समिति, योजना तर्जुमा कार्यान्वयन समिति, सूचना प्रविधि समिति, मेलमिलाप केन्द्र समेत रहेको छ।

### १.३.२ जशक्तिको अबस्था

यस अदालतमा यसै आ.व.मा O & M सर्वेक्षण भएको छ। सो सर्वेक्षणबाट नयाँ दरबन्दी संरचना कायम भई सो अनुसार केही दरबन्दीमा यसै आ.व.मा दरबन्दी पूर्ति भई सकेको र केहीमा पदपूर्ति हुन बाँकी रहेको छ। यस अदालतमा केही जनशक्ति काजमा समेत रही कार्यरत रहेका छन। यस अदालतमा रहेको दरबन्दी तथा पदपुर्तिको अबस्था तल तालिका नं. १ मा प्रस्तुत गरिएको छ।यस अदालतमा यस आ.व.मा कार्यरत जनशक्तिको विवरण तालिका नं. २ र ३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १ यस अदालतमा कार्यरत जनशक्तिको बिबरण :-**

| क स | अदालतको नाम | न्यायाधीश | | राजपत्रांकित | | राजपत्र अनंकित | | अन्य कर्मचारी | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दरवन्दी | पूर्ति | दरवन्दी | पूर्ति | दरवन्दी | पूर्ति | दरवन्दी | पूर्ति | करार | दरवन्दी | पूर्ति | रिक्त | करार |
| १ | अस्थायी इजलास ओखलढुंगा | ३ | ३ | ८ | ८ | २० | १७ | ९ | ९ | ७ | ४० | ३८ | ३ | ७ |

**तालिका नं. २ यस आ.व.मा कार्यरत माननीय न्यायाधीशहरुः-**

| क्र.स | नाम, थर, वतन | शैक्षिक योग्यता | सेवा अबधि |
|---|---|---|---|
| १ | श्री टेकराज नेपाल,झापा | डिप.इन.ल | मिति ०७३/०६/०३ देखि२०७५/०४/३०सम्म |
| २ | श्री राजकुमार वन,इलाम | एल.एल.एम | मिति ०७४/०४/२२ देखि ०७४/०७/२७ सम्म |
| ३ | श्री रमेशप्रसाद राजभण्डारी,प्युठान | बि.एल | मिति ०७४/०७/३० देखि२०७५/०५/१४ सम्म |
| ४ | श्री ऋषिराम दवाडी , काठमाण्डौं | एल.एल.एम | मिति ०७४/०४/०२ देखि ०७४/०७/२७ सम्म |
| ५ | श्री शालिग्राम कोईराला,मोरङ्ग | डिप.इन.ल | मिति ०७४/०८/०७ देखि हाल सम्म |
| ६ | श्री दिपेन्द्र बहादुर बम,बैतडी | एल.एल.एम | मिति ०७३/०९/२९ देखि२०७५/०४/३० सम्म |
| ७ | श्री विदूर बिक्रम थापा | डिप.इन.ल | मिति २०७५/०५/२५ देखि हाल सम्म |
| ८ | श्री गणेशप्रसाद बराल | एम.ए.बि.एल | मिति २०७५/०४/२७ देखि हाल सम्म |

**तालिका नं. ३ यस आ.व. मा कार्यरत अधिकृत कर्मचारीहरु :-**

| क्र.स | नाम,थर,वतन | पद | शैक्षिक योग्यता | सेवा अवधि |
|---|---|---|---|---|
| १ | बेदप्रसाद उप्रेती | रजिस्ट्रार | एल.एल.एम | २०७५ भाद्र सम्म |
| २ | श्री, बलराम लम्साल | रजिस्ट्रार | एल.एल.एम | २०७५।६।५ देखि |

| | | | | |
|---|---|---|---|---|
| | | | | हालसम्म |
| ३ | महेन्द्रबहादुर कार्की | शाखा अधिकृत | बि.एल. | |
| ४ | शम्भुप्रसाद रेग्मी | शाखा अधिकृत | एल.एल.एम | २०७५ मंसिर ८ सम्म |
| ५ | ईश्वर आचार्य | शाखा अधिकृत | बि.एल. | २०७५ असोजसम्म |
| ६ | दिपक धिताल | शाखा अधिकृत | एल.एल.एम | २०७५ मंसिरसम्म |
| ७ | श्री रमेश श्रेष्ठ | शाखा अधिकृत | बि.एल | हाल सम्म |
| ८ | श्री ऋतु राई | शाखा अधिकृत | बि.एल | हाल सम्म |
| ९ | श्री टिकेन्द्रवीर जङ्ग राणा | शाखा अधिकृत | बि.एल | हाल सम्म |
| १० | श्री उज्वल न्यौपाने | शाखा अधिकृत | बि.एल | हाल सम्म |
| ११ | प्रेमप्रसाद पौडेल | शाखा अधिकृत | बि.एल | २०७६ बैशाख सम्म |
| १३ | श्री उद्धव ढोडारी | शाखा अधिकृत | बि.एल | हाल सम्म |
| १३ | श्री कैलास प्रसाद भट्टराई | शाखा अधिकृत | बि.एल | हाल सम्म |
| १४ | श्री रामचन्द्र के.सी. | शाखा अधिकृत | बि.एल | हाल सम्म |
| १५ | श्री भरतमणि पोखरेल | शाखा अधिकृत | बि.एल | हाल सम्म |
| १६ | श्री कर्ण बहादुर राई | शाखा अधिकृत | एल.एल.एम | हाल सम्म |
| १७ | श्री नरहरि ढकाल | शाखा अधिकृत | बि.एल | हाल सम्म |

**तालिका नं. ४ यस आ.व.मा  कार्यरत सहायक कर्मचारीहरुको नामावलीः-**

| क्र.स | नाम,थर,वतन | पद | स्थायी/काज/करार | कार्यरत शाखा |
|---|---|---|---|---|
| १ | श्री राम सजिवन महत्तो | ना.सु | काज | मुद्दा शाखा |
| २ | श्री नवराज भट्टराई | ना.सु | काज | पुनरावेदन दर्ता शाखा |
| ३ | श्री रमेश कुमार श्रेष्ठ | ना.सु | काज | मुद्दा शाखा |
| ४ | श्री ध्रुव प्रसाद निरौला | ना.सु | काज | मुद्दा शाखा |
| ५ | श्री जीतबहादुर शाक्य | टा.ना.सु | स्थायी | इजालास |
| ६ | श्री पुरुषोतम सुवेदी | लेखापाल | स्थायी | लेखा तथा स्टोर |
| ७ | श्री रमेश घिमिरे | ना.सु | स्थायी | मुद्दा शाखा |
| ८ | श्री हरिप्रसाद आचार्य | ना.सु | स्थायी | अभिलेख शाखा |
| ९ | श्री शुशिल बहादुर शाही | ना.सु | स्थायी | मुद्दा शाखा |

| | | | | |
|---|---|---|---|---|
| १० | पार्वती अधिकारी | ना.सु | स्थायी | काजमा गएको |
| ११ | दामोदर ढकाल | ना.सु | स्थायी | काजमा गएको |
| १२ | दिवाकर श्रेष्ठ | ना.सु | स्थायी | काजमा गएको |
| १३ | डेन्जर खनाल | ना.सु | स्थायी | काजमा गएको |
| १४ | उमेश थपलिया | ना.सु | स्थायी | काजमा गएको |
| १५ | डिल्लीराम गौतम | ना.सु | स्थायी | अभिलेख शाखा |
| १६ | श्री संगीता के.सी गुरुङ | ना.सु | करार | अभिलेख शाखा |
| १७ | श्री देवीका तामाङ | ना.सु | करार | अभिलेख शाखा |
| १८ | श्री केशबप्रसाद घिमिरे | तामेलदार | स्थायी | पुनरावेदन दर्ता शाखा |
| १९ | श्री सम्झना तामाङ | तामेलदार | स्थायी | पुस्तकालय तथा मेलमिलाप |
| २० | श्री प्रेमप्रसाद बास्तोला | क.अ | करार | इजलास |
| २१ | श्री भिमा घिमिरे | क.अ | करार | इजलास |
| २२ | श्री गोबिन्द खत्री | सवारी चालक | करार | |
| २३ | श्री तेजबहादुर खत्री | कार्यालय सहयोगी | स्थायी | इजलास |
| २६ | श्री बिष्णुबहादुर खत्री | कार्यालय सहयोगी | स्थायी | इजलास |
| २७ | श्री मिनकुमार भट्टराई | कार्यालय सहयोगी | स्थायी | मुद्दा शाखा |
| २८ | श्री खेमराज दाहाल | कार्यालय सहयोगी | करार | पुनरावेदन दर्ता शाखा |
| २९ | श्री रिता बानियाँ | कार्यालय सहयोगी | करार | इजलास |
| ३० | श्री सरिता बानियाँ | कार्यालय सहयोगी | करार | प्रशासन |
| ३१ | श्री रोशन दाहाल | कार्यालय सहयोगी | करार | लेखा तथा स्टोर |
| ३२ | श्री लुस प्रसाद धमला | कार्यालय सहयोगी | करार | अभिलेख शाखा |

### १.४ अदालतको अधिकार क्षेत्रः-

### १.४.१ शुरु क्षेत्राधिकार :-

- ❖ उच्च अदालतलाई संबिधानको धारा १४४ को उपधारा (१) बमोजिम परेका निवेदनमा सुनुवाई गरी आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार रहने।
- ❖ संघीय कानूनबमोजिम उच्च अदाललतबाट शुरू कारवाही र किनारा हुने मुद्दाहरू हेर्ने।
- ❖ संबिधानको धारा १४५ को उपधारा (१) बमोजिम मातहत अदालतबाट झिकाईएको मुद्दाहरू हेर्ने।

**१.४.२. पुनरावेदकीय क्षेत्राधिकार :-**

- आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्रको जिल्ला अदालतले दफा ७ को उपदफा १ बमोजिम शुरु कारवाही र किनारा गरेको मुद्दाहरु।
- न्यायिक निकाय, अर्धन्यायिक निकाय वा अधिकारीले गरेको शुरु निर्णय वा अन्तिम आदेश उपर जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पुरै बदर गरी निर्णय गरेको मुद्दाहरू।
- जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको सरकारी वा सर्वजनिक सम्पति सम्बन्धि विवाद समावेश भएको, कैद सजाय भएको वा एक लाख रुपैंया भन्दा बढी जरिवाना वा पाँच लाख रुपैंया भन्दा बढी बिगो समावेश भएका मुद्दाहरु।
- संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रदेशिक क्षेत्राधिकार भित्रको कुनै न्यायिक निकायले शुरु कारवाही र किनारा गरेको मुद्दाहरु।

**१.४.३ साँधक जाँच :-**

- उच्च अदाललाई संघीय कानूनबमोजिम साँधक जाच्ने अधिकार रहेको।

## १.५ सम्पादित कामको बिबरण :-

**१.५.१ उच्च अदालत विराटनगर,अस्थायी इजलास ओखलढुंगा - समुह "ख"**

**१.५.२ लगत तथा फछ्र्यौटको स्थिति :-**

**अनुमानित लगत संख्या- ४५१, वास्तविक लगत संख्या -६५४**
**फछ्र्यौट लक्ष्यः ७०% प्रगति : ७६.६०%**

अदालतबाट सम्पादन हुने बिभिन्न कामहरुमध्ये न्याय निरुपण गर्नु वा मुद्धाको फछ्र्यौट गर्नु प्रमुख काम हो। यस अस्थायी इजलास ओखलढुङ्गाबाट यस आ.व. मा भएका मुद्दाको लगत, फछ्र्यौट र बाँकी रहेका मुद्दाहरुको बिस्तृत बिबरण तलको तालिकाहरुमा प्रस्तुत गरीएको छ।

**तालिका नं.५ -सम्पूर्ण मुद्दाको लगत तथा फछ्र्यौट विवरण**

| जिम्मेवारी सरी आएको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | फछ्र्यौट लक्ष्य | वास्तविक फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| १३७ | ५१७ | ६५४ | ५०१ | ७०% | ७६.६०% | १५३ |

## तालिका नं. ६ मुद्दाको प्रकृति अनुसार लगत तथा फछ्र्यौट विवरण

| क्र.स | मुद्दाको प्रकृति | | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | शुरु मुद्दा | व्यक्तिवादी देवानी | ० | ० | ० | ० | ० |
| | | व्यक्तिवादी फौजदारी | ४ | २ | ६ | ६ | ० |
| | | सरकारवादी फौजदारी | ० | ० | ० | ० | ० |
| २ | पुनरावेदकीय क्षेत्राधिकार | व्यक्तिवादी देवानी | ३२ | ११९ | १५१ | ८७ | ६४ |
| | | व्यक्तिवादी फौजदारी | २४ | २९ | ५३ | ४२ | ११ |
| | | सरकारवादी फौजदारी | ६८ | ३०० | ३६८ | ३१३ | ५५ |
| ३ | साधक | | ० | ११ | ११ | ७ | ४ |
| ४ | रिट | बन्दीप्रत्यक्षीकरण | ० | १ | १ | १ | ० |
| | | परमादेश | १ | ११ | १२ | ९ | ३ |
| | | उत्प्रेषण | ६ | २५ | ३१ | २१ | १० |
| | | प्रतिषेध | ० | ० | ० | ० | ० |
| | | अधिकारपृच्छा | ० | ० | ० | ० | ० |
| | | निषेधाज्ञा | २ | १९ | २१ | १५ | ६ |
| जम्मा | | | १३७ | ५१७ | ६५४ | ५०१ | १५३ |

## तालिका नं. ७ बाँकी रहेका मुद्दाहरुको अबधिगत विवरण

| २ बर्ष नाघेका | १८ महिनादेखि २ बर्षभित्रका | १ बर्ष देखि १८ महिना भित्रको | ९ महिनादेखि १ बर्ष भित्रको | ९ महिना भित्रको | जम्मा |
|---|---|---|---|---|---|
| ० | ० | २ | १५ | १३६ | १५३ |

## तालिका नं. ८ यस अदालतबाट भएका उल्टी / केहि उल्टी मुद्दाको विवरण

| मुद्दाको लगत सख्या | फछ्यौंट संख्या | फर्छ्योट प्रतिशत | सदर संख्या | उल्टी | केही उल्टी संख्या | जम्मा | सदर प्रतिशत | उल्टी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५८९ | ४५५ | ७७.२४ % | ४०१ | ३३ | २१ | ५४ | ८८.१३% | ११.८६% |

**तालिका नं. ९**

| रिटको लगत संख्या | फछ्यौंट संख्या | फछ्र्योट प्रतिशत | जारी | खारेज | फिर्ता | तामेली | फर्छ्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ६५ | ४६ | ७०.७६% | १२ | २६ | ५ | ३ | ७०.७६% |

**तालिका नं. १० यस अदालतबाट भएका उल्टी/केही उल्टी मुद्दाको जिल्लागत बिबरणहरुः-**

| **अदालत** | **उल्टी/केही उल्टी संख्या** |
|---|---|
| उदयपुर जिल्ला अदालत | ४१ |
| खोटाङ जिल्ला अदालत | ५ |
| ओखलढुंगा जिल्ला अदालत | ७ |
| सोलुखुम्बु जिल्ला अदालत | १ |
| जम्मा संख्या | ५४ |

### १.५.३ निरिक्षण तथा निर्देशन

न्याय प्रशासन ऐन,२०७३ को दफा २१ र उच्च अदालत नियमावली,२०७३ को नियम १४१ बमोजिम हरेक उच्च अदालतले आफू मातहतका जिल्ला अदालत तथा कारागार कार्यालयको बर्षमा कम्तिमा एक पटक निरिक्षण गर्नुपर्ने ब्यबस्था गरेको छ।त्यसैगरी तेस्रो पञ्चबर्षिय रणनितिक योजनालेसमेत आफूले लिएको लक्ष्यमा प्रभाबकारिता ल्याउने उदेश्यले विभिन्न रणनीतिमार्फत यस कार्यलाई आत्मसात गरेको छ।उपरोक्त कानून एवं योजनाले समेत जिम्मेवारी दिएको कार्य अनुरुप यस उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाले आफू मातहतको चार जिल्ला अदालतहरुमा क्रमशः उदयपुर जिल्ला अदालत, खोटाङ जिल्ला अदालत, सोलुखुम्बु जिल्ला अदालत र ओखलढुंगा जिल्ला अदालत तथा तत् तत् जिल्लामा रहेका कारागार कार्यालयसमेतको निरीक्षण गरी आवश्यक निर्देशन दिनुपर्ने दायित्व रहेको छ। सो कार्यको लागि यस आ.व.मा ओखलढुंगा जिल्ला अदालत र कारगार कार्यालय ओखलढुङ्गाको निरिक्षण गर्नको लागि माननीय वरिष्ठतम न्यायाधीश श्री बिदूर बिक्रम थापा र माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालको नेतृत्वमा मिति २०७५/११/०८ देखि २०७५/११/१० सम्म, खोटाङ जिल्ला अदालत र कारागार कार्यालय खोटाङ्गको निरिक्षणको लागि माननीय वरिष्ठतम न्यायाधीश श्री बिदूर बिक्रम थापाको नेतृत्वमा मिति २०७५/११/१४ देखि २०७५/११/१७ सम्म, उदयपुर जिल्ला अदालत र कारागार कार्यालय उदयपुरको निरिक्षण गर्नको लागि माननीय न्यायाधीश श्री शालिग्राम कोईरालाको नेतृत्वमा मिति २०७५/११/२७ देखि

२०७५/११/३० सम्म र सोलुखुम्बु जिल्ला अदालत कारागार कार्यालय सोलुखुम्बु निरिक्षण गर्नको लागि माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालको नेतृत्वमा मिति २०७५/१२/०३ देखि २०७५/१२/०६ सम्म निरीक्षण गरी आवश्यक निर्देशनसमेत दिने काम सम्पन्न भएको छ। यस अदालतमा चालु मुद्दाहरुको आन्तरिक निरिक्षण गर्नेतर्फ कार्यान्वयन योजनाले निर्देशन गरेवमोजिम मासिक लक्ष्य बनाई निरिक्षण गरी आवश्यक निर्देशन दिने कार्य सम्पन्न भएको छ। त्यससैगरी सम्मानित सर्वोच्च अदालतबाट यस अदालत र मातहत अदालतका लागि निरीक्षणको लागि माननीय न्यायाधीश श्री केदार प्रसाद चालीसेको नेतृत्वमा खटिनु भएका टोलीबाट मिति २०७६/०२/०५ गते देखि २०७६/०२/६ सम्म यस अदालतको निरीक्षण सम्पन्न गरी दिनुभएको अधिकांश निर्देशनहरु समेत यस अदालतले सम्पन्न गरिसकेको छ।

### १.६ अदालत भवनको स्थिति र भौतिक अबस्था :-

यस अस्थायी इजलास ओखलढुङ्गा भवनको निर्माण सम्पन्न २०४४ साल फाल्गुण १९ गते सर्वोच्च अदालतका तात्कालीन प्रधान न्यायाधीश श्री धनेन्द्रबहादुर सिंहज्यूबाट उद्घघाटन भएको देखिन्छ। ओखलढुंगा जिल्ला सिद्धिचरण नगरपालिकाको वडा नं. ११ मा रहेको यो अदालतको भवन एक तले जस्ताले छाएको निकै सुन्दर तथा आकर्षक भवनको रुपमा रहेको छ। २०४७ साल भन्दा अगाडि अंञ्चल अदालतको रुपमा रहेको, २०४८ सालपछि पुनरावेदन अदालत राजविराजको मुकामको रुपमा रहेको थियो। यस भवनलाई २०७२ सालको विनासकारी भुकम्पले केही क्षति पुऱ्याएको भएपनि हालसम्म मर्मत संम्भार कार्य भएपश्चात संचालन गर्न सक्ने अबस्थामा रहेको छ। तर यस अदालत भवनमा कोठाहरु प्रयाप्त मात्रमा नरहेको हुँदा अदालतको एउटै कोठाबाट बिभिन्न शाखाहरु संचालन गर्नु पर्दा कार्य संम्पादनमा समेत असर परेको अबस्थासमेतलाई मध्येनजर गरी गत आ.व. १ टहरो भवन बनाई सभाहल कायम गरिएको र यस आ.व. मा समेत थप २ वटा टहरा भवनहरु निर्माण गरी अदालतका विभिन्न शाखाहरु र सुरक्षाकर्मी बस्ने व्यारेक राखिएको छ। त्यस्तै सेवाग्राहीहरु बस्नको लागि प्रतिक्षालय निर्माण गरिएको छ। यस अदालतको नयाँ मापदण्ड अनुरुपको भवन निर्माणको लागि हालको घर जग्गा अपुग रहेको हुँदा अन्य स्थानमा छिटो भन्दा छिटो उययुक्त जग्गाको खोजी गर्नुपर्ने अबस्था छ।सो क्रममा सर्वोच्च अदालतको भौतिक शाखाबाट स्थलगत भ्रमण समेत गरी सो कुरा पुष्टि हुन आएपश्चात मुख्य रजिस्ट्रार श्री राजन भट्टराईबाट समेत अवलोकन भ्रमण भएको र आवश्यक निर्देशन भएको अबस्था छ। तत्पश्चात यस अदालतबाटसमेत जग्गा खोजी कार्यमा केही पहल भएको, गत आ.व. मा सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराईको र यस आ.व.मा केदार प्रसाद चालीसेको नियमित निरिक्षण तथा माननीय न्यायाधीश ईश्वरप्रसाद खतिवडाको मेलमिलाप सम्बन्धी कार्यक्रममा उपस्थिति रहेको अबस्थामा समेत सो सम्बन्धमा यस जिल्लाका बुद्दिजिबीहरुसँग

भेटभाट तथा छलफल भएको अवस्था छ।सेवाग्राहीको लागि सानो प्रतिक्षालयसम्म बनेको भएपनि उनीहरुको लागि पिउने पानी, शौचालयको व्यवस्था नहुँदा समस्या रहेको छ। यस अदालतभित्रको परिसरमा सेवाग्राहीको लागि खानेपानीको व्यवस्था, महिला, पुरूष, अपाङ्गमैत्री शौचालयको निर्माण गर्नुपर्ने आवश्यक्ता रहेको छ। हाल कर्मचारीहरुको O & M सर्भेक्षण भई दरबन्दी बढेको अनुपातमा भौतिक श्रोत साधनको कमी देखिएको हुँदा त्यसतर्फ पहल गर्नुपर्ने देखिन्छ।

# परिच्छेद-२
# योजना र विकास

## २.१ न्यायपालिकाको रणनीतिक योजना

न्यायपालिकाको कामकारवाहीलाई योजनावद्ध र प्रभावकारी ढंगबाट संचालन गर्ने कार्यको सुरुवात न्यायपालिकाको प्रथम रणनीतिक योजना (०६१/०६२-०६५/०६६) तर्जुमा गरी लागू भएपछि प्रारम्भ भएको हो। उक्त योजना अवधि समाप्त भएपछि उक्त योजनाबाट हासिल गरेका अनुभव र प्रगतिको समीक्षा गर्दै दोस्रो रणनीतिक योजना ०६६/०६७- २०७०/०७१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो।सो योजना लागू भएपछि न्यायपालिकाले हासिल गरेका प्रगति र अनुभवको समीक्षा गर्दै न्यायपालिकाको तेस्रो रणनीतिक योजना ०७१/०७२-०७५/०७६ तर्जुमा भई हाल कार्यान्वयनको अवधि पूरा भई यस आ.व. बाट नयाँ चौथो पञ्च वर्षिय रणनितिक योजना २०७६/०७७- २०८०/०८१ लागू हुने अवस्था रहेको छ। यस अदालतको सन्दर्भमा हेर्दा न्यायपालिकाको तेस्रो रणनीतिक योजना चालु रहेको अवस्थामा यस अदालतको मिति २०७३।६।३ मा गठन भएको देखिन्छ। गठन भएपश्चात यस अदालतले तेश्रो रणनीतिक योजनाले निर्देश गरेवमोजिम पहिलो, दोश्रो र तेस्रो पटक क्रमशः आ.व. ०७३/०७४, २०७४/७५ र ०७५/७६ को बार्षिक कार्ययोजना तर्जुमा गरी सोको सफलतापूर्वक कार्यान्वयन अवधि पनि समाप्त गरिसकेको छ।

## २.२ आ.व. २०७५/७६ को बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगतिको समीक्षाः-

### २.२.१ मुद्दा तथा रिटतर्फ

न्यायपालिकाको तेश्रो रणनीतिक योजना र मध्यावधि मूल्याङ्कन प्रतिवेदन,२०७४ ले परिकल्पना गरेको आधारमा यस अदालतले २ वटा वार्षिक कार्य योजना सफलतापूर्वक समपन्न गरी तेस्रो वार्षिक कार्ययोजना तर्जुमा गरेको हो । गत आ.व. मा जिम्मेवारी सरी आएको मुद्दा १३७ रहेकोमा नयाँ दर्ता अनुमान ३१४ गरी जम्मा लगत ४५१ हुने अनुमान गरिएको, यो अदालत ख वर्गमा परेको हुँदा यस अदालतले वर्षभरिमा अनुमानित लक्ष्यको ७०% फछ्यौंट गर्नुपर्ने हुन्छ। सो अनुसार यस अदालतले ३१६ मुद्दा फछ्यौंट गर्नुपर्ने लक्ष्य निर्धारण गरिएको थियो ।वार्षिक कार्य योजना बनाउँदा नयाँ दर्ता ३१४ हुने अनुमान गरिएकोमा सो भन्दा २०३ बढी दर्ता भई ५१७ दर्ता हुन गई जम्मा ६५४ लगत कायम हुन आएको छ । यस अनुसार योजनाले लिएको मुद्दाको संख्यात्मक फछ्यौंट गर्नुपर्ने लक्ष्य ४५८ हुन आउँछ। सो तथ्यांक अनुसार यस आ.व. मा ४५८ मुद्दा फछ्यौंट गर्नुपर्नेमा सो भन्दा ४३

बढी अर्थात ५०१ फछ्यौंट हुन आएबाट वार्षिक लक्ष्य ७० प्रतिशतभन्दा ६.६० प्रतिशत बढी फछ्यौंट भई ७६.६० प्रतिशत फछ्यौंट भएको छ। गत आ.व. मा १८ महिना नाघेका मुद्दा संख्या ६ रहेकोमा यस वर्ष ० (शून्य) मा झार्न सफल भएको छ। त्यसैगरी ९ महिना नाघेका रिटको संख्या शून्यमा झार्नुपर्नेमा २ थान रहेकोमा यस वर्ष पनि १ थान बाँकी नै रहन पुगेको अवस्था छ । फैसलाको तयारी समेत समयभित्रै गर्न सफल भएको छ ।

### २.२.२ प्रतिवेदनतर्फ

अघिल्लो आ.व. मा निवेदन सबै फछ्यौंट भएको र प्रतिवेदन ५ थान जिम्मेवारी सरी आएको थियो। यस आ.व. मा निवेदन ४९ थान दर्ता भई ती सबै निवेदन फछ्यौंट भएको छ । त्यसैगरी प्रतिवेदन ४९ थान नयाँ दर्ता र जिम्मेवारी सरेको ५ गरी जम्मा प्रतिवेदन ५४ भएकोमा ती सबै प्रतिवेदन फछ्यौंट भएको छ। यस आ.व. मा निवेदन प्रतिवेदन सबै फछ्यौंट भई लगत शून्य भएको छ।

### २.२.३ योजनाद्वारा निर्धारित अन्य कार्य

आन्तरिक निरीक्षण तथा मुद्दाको अंग पुऱ्याउने कार्यतर्फ पनि लक्ष्य अनुसारको काम भएको अवस्था छ।तोकिएका मुद्दामा छिटो छरितो माध्यमद्वारा पत्रचार गर्ने, म्याद पठाउने गरिएको र मुद्दाको आन्तरिक निरीक्षणले दिईएका निर्देशन अनुसार काम भएको अवस्था छ ।

### २.२.४ व्यवस्थापकीय कार्य

व्यवस्थापकीय कार्यतर्फ रणनितिक योजनाले निर्देशन गरेअनुरुप यस अदालतले चौमासिक समीक्षा कार्यक्रम, समूदायमा अदालत कार्यक्रम(Judicial outreach) न्यायिक सम्बाद कार्यक्रम, न्यायाधीशसँग अन्तरक्रिया कार्यक्रम (Meet the Judge), कर्मचारी बैठक, न्यायक्षेत्र समन्वय समितिको बैठक लगायत कार्यक्रम राखेकोमा ती सबै व्यवस्थापकीय कार्यहरु लक्ष्य अनुसार कार्य सम्पन्न भएको छ।

## २.३ निर्माण तथा भौतिक सुधारका कार्यहरुः-

योजना अवधिमा अदालत भवन मर्मत संभारको कार्य जारी रहेको छ। यसै आ.व.मा नयाँ टहराहरुको निर्माण, प्रतिक्षालयको निर्माण भएकोछ। अदालत परिसरमा फुलवारी निर्माण तथा प्राङ्गणमा पुरानो प्लास्टरलाई मर्मत गर्ने कार्य भएको छ। अदालतको सूचना प्रविधिको लागि internet service अति नै slow भएकोले त्यसमा सुधार गर्न फाइबर नेट जडान गरिएको छ। अदालतमा जनशक्ति थप भएको अवस्थामा केही कम्प्यूटर, प्रिन्टर तथा टेबुल कुर्सी थप खरिद गरी ब्यवस्थापन गरिएको छ ।

## २.४ तालिम ,समीक्षा ,गोष्ठि तथा क्षमता विकास सम्वन्धी कार्यहरुः-

योजना कार्यान्वयनको अवधिमा यस अदालत र मातहतका अदालतहरुसँग वार्षिक कार्ययोजनद्वारा मंसिर, चैत्र र असार महिनामा गरी तीन पटक योजनाको समीक्षा गर्ने लक्ष्य निर्धारण गरिएकोमा लक्ष्य अनुरुप कार्य सम्पन्न गरिएको छ । यस अदालत र मातहतका ४ वटै जिल्ला अदालतका राजपत्र अनंकित कर्मचारीहरुलाई सम्मिलित गरी मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता सम्बन्धी ३ दिवसीय पुनर्ताजगी तालीम सम्पन्न भएको छ। त्यसैगरी बजेटद्वारा निर्दिष्ट भए बमोजिम अन्य तालिम र अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

## २.५ योजना बमोजिम प्रगति हासिल नभएका कार्यहरू

योजनाद्वारा तोकिएका र नतोकिएका कतिपय कार्यहरु योजना कार्यान्वयनको अवधिमा सम्पन्न हुन सकेनन् । योजनाद्वारा निर्धारित लक्ष्य प्रतिशतमा प्रगति हासिल गर्न सकिए पनि विविध कारणबाट २ थान थुनुवा मुद्दा र ९ महिना नाघेको रिट १ थान मुद्दा फछ्र्यौट हुन सकेन। त्यसैगरी जिल्ला अदालत र कारागार कार्यालय निरीक्षण गर्दा दिएको निर्देशन कार्यान्वयन भए नभएको सम्बन्धमा स्थलगत अनुगमन हुन सकेन। त्यसैगरी O & M सर्भेक्षण भई कर्मचारीहरुको दरबन्दी थप भएतापनि यस आ.व. को अन्ततिर मात्र दरवन्दी अनुरुको कर्मचारीको पदपूर्ती हुन शुरुको र अझ पनिकेही पदमा अझ पनि पदपूर्ती हुन वाँकी रहेकोले मुद्दाको टिपोट गर्ने कार्य लक्ष्य अनुरुप हुन सकेन। यस अदालतको नयाँ मापदण्ड अनुसारको भवनको निर्माणको लागि जग्गाको क्षेत्रफल अपुग रहेको भन्ने सम्मानित सर्वोच्च अदालतको निर्देशन पछि जग्गा प्राप्तिको लागि पहल भए पनि हालसम्म यस कार्यले पूर्णता प्राप्त गर्न सकेको छैन।

# परिच्छेद-३

## ३.१ उच्च अदालत विराटनगर,अस्थायी इजलास ओखलढुंगाको बिभिन्न प्रकृतिका मुद्दाको लगत तथा फछ्यौंट

### ३.१.१. मुद्दातर्फ

आ.व.२०७५/०७६ मा जिम्मेवारी सरी आएको १३७ र नयाँ दर्ता ५१७ (मुद्दा र रिट) गरी जम्मा मुद्दाको लगत ६५४ थान भएकोमा ५०१ थान मुद्दा फछ्यौंट भएको छ। मुद्दातर्फ मात्र फछ्यौंट भएकामध्ये अवधिगत रुपमा हेर्दा ९ महिना भित्रको ३७२ थान, ९ महिनादेखि १ बर्ष भित्रको ३८ थान, १ बर्षदेखि १८ महिना भित्रको २३ थान, १८ महिनादेखि २ बर्ष भित्रको १७ थान र २ बर्ष नाघेका ५ थान मुद्दा गरी ४५५ फछ्यौंट भई १३४ थान मुद्दा फछ्यौंट हुन बाँकी रहेको अबस्था छ। फछ्यौंट हुन बाँकी १३४ थान मुद्दामध्ये अबधिगत रुपमा हेर्दा ९ महिना भित्रका मुद्दा ११८ थान, ९ महिनादेखि १ बर्ष भित्रको १४ थान, १ बर्षदेखि १८ महिना भित्रको २ थान आ.व. २०७६/०७७ मा जिम्मेवारी सर्न आएको अबस्था छ।त्यसमध्ये शुरू मुद्दातर्फ ४ थान जिम्मेवारी सरेको र २ थान नयाँ दर्ता भई जम्मा ६ थान लगत कायम हुन आएकोमा ती सबै मुद्दा फछ्यौंट भई शुन्य भएको स्थिति छ। पुनरावेदनतर्फ १२४ थान जिम्मेवारी सरी आएको र नयाँ दर्ता हुन आएको ४४८ गरी जम्मा लगत ५७२ भएकोमा ४४२ फछ्यौंट भई बाँकी १३० थान मुद्दा आ.व. २०७६/०७७ मा जिम्मेवारी सर्न आएको अबस्था छ।

### ३.१.२ रिटतर्फ

आ.व. ०७५/०७६ मा बन्दीप्रत्यक्षीकरणको जिम्मेवारी शुन्य रहेकोमा नयाँ दर्ता १ हुन आई लगत संख्या १ रहेकोमा सो पनि फछ्यौंट भई शुन्य रहन गएको अबस्था छ। परमादेशतर्फ जिम्मेवारी १ थान सरी आएकोमा नयाँ दर्ता ११ हुन गई लगत संख्या १२ पुगेकोमा सो मध्ये ९ थान फछ्यौंट भई ३ थान बाँकी रहेको छ। प्रतिषेध र अधिकारपृच्छाको जिम्मेवारी शुन्य र नयाँ दर्ता पनि शुन्य रहेको अवस्था छ। उत्प्रेषणको निवेदन ६ थान जिम्मेवारी सरी आएको र नयाँ दर्ता २५ थान गरी ३१ थान भएकोमा २१ थान फछ्यौंट भई १० थान बाँकी रहेको छ । निषेधाज्ञातर्फको निवेदन २ थान जिम्मेवारी सरी आएको तथा नयाँ दर्ता १९ थान हुन गई जम्मा लगत २१ थान कायम भएकोमा १५

थान फछ्र्यौट भई ६ थान बाँकी रहेकोछ। उपरोक्त तथ्यांकबाट आ.व. ०७५/०७६ मा जम्मा ६५ रिट निवेदनहरुमध्ये ४६ थान फछ्र्यौट भई १९ थान आ.व. २०७६/०७७ मा जिम्मेवारी सर्न आएको अवस्था छ।

### ३.१.३ निवेदन प्रतिवेदनतर्फ

आ.व. २०७५/०७६ मा कुनैपनि निवेदन जिम्मेवारी नसरेको, नयाँ दर्ता ४९ हुन गएकोमा ती सबै निवेदन फछ्र्यौट भई शुन्यको अबस्थामा रहेको छ। त्यसैगरी प्रतिवेदनतर्फ आ.व. २०७५/०७६ मा जिम्मेवारी सरी आएकोमा ५ थान र नयाँ दर्ता ४९ थान गरी जम्मा ५४ थान लगत कायम हुन आएकोमा ती सबै फर्छ्यौट भई शुन्यको अबस्थामा रहेको छ।

### ३.१.४ फुटकर निवेदनतर्फ

आ.व. २०७५/०७६ मा जिम्मेवारी सरी आएको २ थान र नयाँ दर्ता १९ थान गरी जम्मा २१ थान लगत कायम हुन आएकोमा सो सबै निवेदनहरु फछ्र्यौट भई शुन्यको अबस्थामा रहेको छ।

### ३.१.५ व्यवस्थापकीय कार्यतर्फ

### ३.१.५.१ वार्षिक कार्य योजनाले निर्धारण गरेको कार्यहरु

यस आ. व. मा judicial outreach कार्यक्र मंसिर, फाल्गुण र जेष्ठमा गरी ३ पटक, Meet the judge कार्यक्रम प्रत्येक महिनामा १ पटक गरी १२ पटक, योजनाको आन्तरिक प्रगति समीक्षा कार्यक्रम मंसिर, चैत्र र असारमा गरी ३ पटक, योजना कार्यक्रम सम्बन्धमा सरोकारहरुवालासंग अन्तरक्रिया कार्तिक र बैशाखमा गरी २ पटक, न्यायक्षेत्र समन्वय समितिको बैठक कार्तिक, माघ र जेष्ठमा गरी ३ पटक, संचारकर्मीहरुसंगको अन्तरक्रिया पौष र असारमा गरी २ पटक गर्ने लक्ष्य राखिएकोमा ती सबै कार्यक्रम लक्ष्य अनुरुप सम्पन्न भएको छ। बार र सरकारी वकीलसंग अन्तरक्रिया कार्यक्रम मंसिर र बैशाखमा गरी २ पटक गर्ने लक्ष्य राकिएकोमा लक्ष्यभन्दा बढी ३ पटक गरिको छ भने ३४८ मुद्दाको टिपोट गर्ने लक्ष्य लिइएकोमा ३० मुद्दामा मात्र टिपोट हुन सकी लक्ष्य अनुरुप कार्य नसकेको अवस्था छ।

### ३.१.५.२ अन्य व्यवस्थापकी कार्यहरुः-

- गत आ.व. सम्म अभिलेखमा रहेका मिसिलहरु ६०७१ कम्प्युटरमा इन्ट्री भएकोमा यस आ.व. मा थप ४१५ इन्ट्री भई ६४८६ पुगेको छ भने अब २८६ कम्प्युटरमा इन्ट्री गर्न बाँकी रहेको छ।

- ❖ पुरानो फाईलिङ्ग पद्धतिमा रहेका केही पुराना मिसिलहरुलाई नयाँ पद्धति अनुसार फाईलिङ्ग गरी व्यवस्थापन गर्ने कार्य भएको ।
- ❖ अदालतको नयाँ बनेको टहरा भवनको एक कोठमा अदालतमा रहेका पुस्तकहरुलाई राखी पुस्तकालय व्यवस्थापन गरिएको ।
- ❖ नयाँ परिवर्तित देवानी तथा फौजदारी संहितामा आधारित भई बिभिन्न बिषयमा बोर्डहरु तयार गरी सार्वजनिक गरिएको ।
    - अदालतमा सेवाग्राहीलाई उपलव्ध गराईने Template सुचीहरुको Flex बोर्ड ।
    - अदालती शुल्क एवं दस्तुर सम्बन्धी Flex Flex बोर्ड ।
    - अदालतबाट प्रदान गरिने १ घण्टे सेवा को Flex Flex बोर्ड ।
    - नागरिक बडापत्रको Flex Flex बोर्ड ।
- ❖ योजनाले निर्धारण गरेको समयसिमा भित्र फैसला लेखन कार्य हुने अवस्था सिर्जना भएको।
- ❖ २ वटा टहरो भवन निर्माण गरी ती टहराका कोठाहरुमा-
    - मुद्दा शाखा,
    - पुनरावेदन शाखा,
    - पुस्तकालय शाखा,
    - मेलमिलाप शाखा,
    - वैतनिक वकीलको कार्य कक्ष
    - सुरक्षाकर्मीहरुको लागि व्यारेक तथा भान्छा कोठा।

# परिच्छेद — ४

## ४.१ उदयपुर जिल्ला अदालतः- समुह “ख”

### ४.१.१ लगत तथा फछ्र्यौट :-

### ४.१.१.१ मुद्दातर्फ

**अनुमानित लगत संख्या- १२१८, वास्तविक लगत संख्या -१२९२**
**फछ्र्यौट लक्ष्यः ७०% - प्रगति : ७२.२९%**

यस अदालतमा आ.व. २०७५/०७६ सालमा जिम्मेवारी सरी आएको, नयाँ दर्ता र फछ्र्यौट तथा बाँकी रहेको मुद्दाको एकमुष्ठ विवरण तालिका नं. १ प्रस्तुत गरिएको छ।

**तालिका न.१ - सम्पूर्ण मुद्दाको लगत तथा फछ्र्यौट विवरण**

| जिम्मेवारी सरी आएको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | फछ्र्यौट लक्ष्य प्रतिशत | वास्तविक फछ्र्यौट प्रतिशत | बाँकी |
|---|---|---|---|---|---|---|
| ३५० | ९४२ | १२९२ | ९३४ | ७० | ७२.२९ | ३५८ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा जिम्मेवारी सरी आएको, नयाँ दर्ता, फछ्र्यौट तथा बाँकी रहेको शुरु मुद्दा, पुनरावेदकी क्षेत्राधिकार अन्तर्गतको मुद्दा र रिट मुद्दाहरुको प्रकृति अनुसारको विवरण तालिका नं. २ प्रस्तुत गरिएको छ।

**तालिका नं. २ — मुद्दाको प्रकृति अनुसार लगत तथा फछ्र्यौट**

| क्र.स | मुद्दाको प्रकृति | | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | शुरु मुद्दा | व्यक्तिवादी देवानी | १८९ | ५८३ | ७७२ | ५३२ | २४० |
| | | व्यक्तिवादी फौजदारी | ७८ | ११३ | १९१ | १४१ | ५० |
| | | सरकारवादी फौजदारी | ६९ | २१८ | २८७ | २२६ | ६१ |
| २ | पुनरावेद क्षेत्र | व्यक्तिवादी देवानी | ४ | ० | ४ | ४ | ० |
| | | सरकारवादी फौजदारी | ६ | ४ | १० | ९ | १ |
| ३ | रिट | बन्दीप्रत्यक्षीकरण | ० | ४ | ४ | ४ | ० |
| | | निषेधाज्ञा | ४ | २० | २४ | १८ | ६ |
| जम्मा | | | ३५० | ९४२ | १२९२ | ९३४ | ३५८ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा दर्ता हुन आएको निवेदन, प्रतिवेदन र फुटकर निवेदनको विवरण तालिका नं. ३ प्रस्तुत गरिएको छ।

**तालिका न.३ - निवेदन प्रतिवेदनको लगत तथा फछ्र्यौट विवरण**

| विषय | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|
| निवेदन | ० | ० | ० | ० | ० |
| कैफियत प्रतिवेदन | ० | ४ | ४ | ४ | ० |
| फुटकर निवेदन | ० | ५७ | ५७ | ५७ | ० |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा भएको फैसला कार्यान्वयनको लगत, फछ्र्यौट र बाँकी जिम्मेवारीको विवरण तालिका नं. ४ प्रस्तुत गरिएको छ।

**तालिका नं.४ - फैसला कार्यान्वयनको लगत तथा फछ्र्यौट विवरण**

| क्र.स | मुद्दाको प्रकृति | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | विगो भराउने | ३४ | ८२ | ११६ | ९२ | २४ |
| | चलन चलाउने | ११ | १७ | २८ | २१ | ७ |
| | बण्डा छुट्याउने | ११ | ६१ | ७२ | ५४ | १८ |
| | क्षतिपुर्ति भराउने | ० | २ | २ | २ | ० |
| | मानाचामल भराउने | २ | १४ | १६ | १० | ६ |
| | अन्य | ८ | ६ | १४ | ९ | ५ |
| | जम्मा | ६६ | १८२ | २४८ | १८८ | ६० |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा भएको कैद र जरिबानाको लगत, फछ्र्यौट र बाँकी जिम्मेवारीको विवरण तालिका नं. ५ प्रस्तुत गरिएको छ।

**तालिक नं.५ — दण्ड र जरिवानाको  लगत तथा फछ्र्यौट विवरण**

| क्र.स | बिषय | जिम्मेवारी सरेको | नयाँ लगत | जम्मा लगत | फछ्र्यौट | फछ्र्यौट प्रतिशत | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | कैद | १४९१।०५।३ | ६४९।५।१८ | २१४०।२।२१ | ६०९।०।५ | २८.८% | १५६१।२।१६ |
| | जरीवाना | १४८२११८२६.११ | २५९४७७३८.२२ | १७४१५९५६४.३३ | ८८८२६४३० | ५१% | ८५३३३१३४.३३ |

### ४.१.१.२ सुपरिवेक्षण तथा निरिक्षण तर्फ

यस आ.व.को बार्षिक कार्ययोजनाले निर्धारण गरे बमोजिम मिसिलहरुको आन्तरिक निरीक्षण, मुद्दाको अंग पुऱ्याउने कार्य लक्ष्य अनुरुप प्रगति भएको देखिन्छ। यस अदालतबाट जिल्ला स्थित अर्धन्यायिक निकायहरु, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र जिल्ला वन कार्यालयका साथै स्थानिय तहका नगरपालीका तथा गाउँपालिकाको निरिक्षण गरी निर्देशन दिएको पाईयो।

### ४.१.१.३ व्यवस्थापकीय कार्यतर्फ

यस अदालतले आ.व. ०७५/०७६ मा Meet the judge प्रत्येक महिना १ पटक, न्यायाक्षेत्र समन्वय समितिको बैठक ४ पटक, बार र सरकारी वकिलसँगको अन्तरक्रिया ४ पटक, सञ्चारकर्मीहरुसँग अन्तरक्रिया ३ पटक गर्ने गरी वार्षिक कार्ययोजना तर्जुमा गरेकोमा शतप्रतिशत प्रगति भएको पाइयो। Judicial outreach कार्यक्रम ३ पटक, योजनाको आन्तरिक प्रगित समीक्षा ४ पटक, योजना कार्यान्वयनको सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया ३ पटक गर्ने लक्ष्य रहेकोमा लक्ष्यभन्दा बढी प्रगति भएको छ। १९०० थान मिसिलका कागजातहरु सडाउने लक्ष्य लिएकोमा १८०० थान मिसिलका कागजात सडाएको र तामेलदार र स्थानिय तहका सचिवहरुबीच अन्तरक्रिया ४ पटक गर्ने लक्ष्य रहेकोमा २ पटक मात्र भई लक्ष्य अनुरुपको प्रगति भएको देखिएन।

## ४.२ खोटाङ जिल्ला अदालतः- समुह “ख”

### ४.२.१ लगत तथा फछ्र्यौट :-

### ४.२.१.१ मुद्दा तर्फ

**अनुमानित लगत संख्या- २७९, वास्तविक लगत संख्या -२७८**
**फछ्र्यौट लक्ष्यः ७०% - प्रगति : ७९.१३%**

यस अदालतमा आ.व. २०७५/०७६ सालमा जिम्मेवारी सरी आएको, नयाँ दर्ता र फछ्र्यौट तथा बाँकी रहेको मुद्दाको एकमुष्ठ विवरण तालिका नं. १ प्रस्तुत गरिएको छ।

**तालिका नं.१ - सम्पूर्ण मुद्दाको लगत तथा फछ्र्यौट विवरण**

| जिम्मेवारी सरी आएको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | फछ्र्यौट लक्ष्य | वास्तविक फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| ६३ | २१५ | २७८ | २२० | ७०% | ७९.१३% | ५८ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा जिम्मेवारी सरी आएको, नयाँ दर्ता, फछ्र्यौट तथा बाँकी रहेको शुरु मुद्दा, पुनरावेदकीय क्षेत्राधिकार अन्तर्गतको मुद्दा र रिट मुद्दाहरुको प्रकृति अनुसारको विवरण तालिका नं. २ प्रस्तुत गरिएको छ।

**तालिका नं. २ - मुद्दाको प्रकृति अनुसार लगत तथा फछ्र्यौट**

| क.स | मुद्दाको प्रकृति | | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | शुरु मुद्दा | व्यक्तिवादी देवानी | २९ | ९६ | १२५ | ९४ | ३१ |
| | | व्यक्तिवादी फौजदारी | १६ | ३० | ४६ | ४३ | ३ |
| | | सरकारवादी फौजदारी | १५ | ८३ | ९८ | ७७ | २१ |
| २ | पुनरावेदकीय | व्यक्तिवादी देवानी | २ | ० | २ | २ | ० |
| | | सरकारवादी फौजदारी | १ | २ | ३ | २ | १ |
| ३ | रिट | बन्दीप्रत्यक्षीकरण | ० | ० | ० | ० | ० |
| | | निषेधाज्ञा | ० | ४ | ४ | २ | २ |
| जम्मा | | | ६३ | २१५ | २७८ | २२० | ५८ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा दर्ता हुन आएको निवेदन, प्रतिवेदन र फुटकर निवेदनको विवरण तालिका नं. ३ प्रस्तुत गरिएको छ।

**तालिका नं. ३ - निवेदन प्रतिवेदनको लगत तथा फछ्र्यौट विवरण**

| क्र.स | मुद्दाको प्रकृति | | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | मिश्रित | निवेदन | ० | १ | १ | १ | ० |
| | | कैफियत प्रतिवेदन | ० | १ | १ | १ | ० |
| | | फुटकर निवेदन | ० | ४३० | ४३० | ४३० | ० |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा भएको फैसला कार्यान्वयनको लगत, फछ्र्यौट र बाँकी जिम्मेवारीको विवरण तालिका नं. ४ प्रस्तुत गरिएको छ।

**तालिका नं. ४ - फैसला कार्यान्वयनको लगत तथा फछ्र्यौट विवरण**

| क्र.स | मुद्दाको प्रकृति | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | विगो भराउने | ५ | ११ | १६ | ११ | ५ |
| | चलन चलाउने | ० | २ | २ | ० | २ |
| | बण्डा छुटयाउने | ० | १७ | १७ | १५ | २ |
| | क्षतिपुर्ति भराउने | १ | २ | ३ | २ | १ |
| | मानाचामल भराउने | ० | २ | २ | २ | ० |
| | अन्य | ० | ० | ० | ० | ० |
| | जम्मा | ६ | ३४ | ४० | ३० | १० |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा भएको कैद र जरिबानाको लगत, फछ्र्यौट र बाँकी जिम्मेवारीको विवरण तालिका नं. ५ प्रस्तुत गरिएको छ।

**तालिका नं. ५ - दण्ड र जरिवानाको लगत तथा फछ्र्यौट विवरण**

| क्र.स | बिषय | जिम्मेवारी सरेको | नयाँ लगत | जम्मा लगत | फछ्र्यौट | फछ्र्यौट प्रतिशत | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | कैद | ७८४।७।२ | ३०४।०।१५ | १०८८।७।१७ | ३०५।२।९ | २८.०३ | ७८३।५।८ |
| | जरीवाना | ९०,४९,९१७.३६ | ४९,५१६६० | १,४०,०१,५७७.३६ | २५,३४,८६१ | १८.१० | १,१४,६६,७१६.३६ |

### ४.२.१.२ सुपरिवेक्षण तथा निरिक्षण तर्फ

यस आ.व.को बार्षिक कार्ययोजनाले निर्धारण गरे बमोजिम मिसिलहरुको आन्तरिक निरीक्षण, मुद्दाको अंग पुऱ्याउने कार्य लक्ष्य अनुरुप प्रगति भएको देखिन्छ। यस अदालतबाट जिल्ला स्थित अर्धन्यायीक निकायहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र जिल्ला वन कार्यालयका साथै स्थानिय तहका नगरपालीका तथा गाउँपालिकाको निरिक्षण गरी निर्देशन दिएको पाईयो।

### ४.२.१.३ व्यवस्थापकीय कार्यतर्फ

यस अदालतले आ.व. ०७५/०७६मा Judicial outreach ४ पटक meet the judge प्रत्येक महिना १ पटक योजना कार्यान्वयनको सम्बन्धमा सरोकारवाला सँग अन्तरक्रिया २ पटक न्यायाक्षेत्र समन्वय समितिको बैठक ३ पटक बार सरकारी वकिलसँगको अन्तरक्रिया ३ पटक र २१६ थान मिसिल सडाउने लक्ष्य लिएकोमा शतप्रिशत प्रगति भएको अबस्था छ।तामेलदार र स्थानीय तहका सचिवहरुबीच अन्तरक्रिया, मुद्दा टिपोट र सञ्चारकर्मीहरुसँग अन्तरक्रिया लक्ष्य अनुरुप प्रगति भएको देखिँदैन।

## ४.३ सोलुखुम्बु जिल्ला अदालतः- समुह “क”

### ४.३.१ लगत तथा फछ्र्यौट :-

### ४.३.१.१ मुद्दा तर्फ

**अनुमानित लगत संख्या- १६२, वास्तविक लगत संख्या -१६७**
**फछ्र्यौट लक्ष्यः ७५% - प्रगति : ५४.४९%**

सोलुखुम्बु जिल्ला अदालतमा आ.व. २०७५/०७६ सालमा भएका मुद्दाहरुको फछ्र्यौट, बाँकी, जिम्मेवारी सरेका र नयाँ दर्ता, फछ्र्यौटको लक्ष्यको एकमुष्ठ विवरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १ - सम्पूर्ण मुद्दाको लगत तथा फछ्र्यौट विवरण**

| जिम्मेवारी सरी आएको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | फछ्र्यौट लक्ष्य | वास्तविक फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| ३८ | १२९ | १६७ | ९१ | ७५% | ५४.४९% | ७६ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा जिम्मेवारी सरी आएको, नयाँ दर्ता, फछ्र्यौट तथा बाँकी रहेको शुरु मुद्दा, पुनरावेदकी क्षेत्राधिकार अन्तर्गतको मुद्दा र रिट मुद्दाहरुको प्रकृति अनुसारको विवरण तालिका नं. २ प्रस्तुत गरिएको छ।

**तालिका नं. २ - मुद्दाको प्रकृति अनुसार लगत तथा फछ्र्यौट**

| क.स | मुद्दाको प्रकृति | | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | शुरु मुद्दा | व्यक्तिवादी देवानी | १४ | ६९ | ८३ | ३८ | ४५ |
| | | व्यक्तिवादी फौजदारी | १६ | २२ | ३८ | २३ | १५ |
| | | सरकारवादी फौजदारी | ७ | ३३ | ४० | २७ | १३ |
| २ | पुनरावेदकी क्षेत्राधिकार | व्यक्तिवादी देवानी | ० | १ | १ | ० | १ |
| | | सरकारवादी फौजदारी | ० | ३ | ३ | २ | १ |
| ३ | रिट | बन्दीप्रत्यक्षीकरण | ० | ० | ० | ० | ० |
| | | निषेधाज्ञा | १ | १ | २ | १ | १ |
| जम्मा | | | ३८ | १२९ | १६७ | ९१ | ७६ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा दर्ता हुन आएको निवेदन, प्रतिवेदन र फुटकर निवेदनको विवरण तालिका नं. ३ प्रस्तुत गरिएको छ।

**तालिका नं.३ - निवेदन प्रतिवेदनको लगत तथा फछ्यौंट विवरण**

| क.स | मुद्दाको प्रकृति | | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्यौंट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | मुद्दा तर्फ | निवेदन | ० | ३५२ | ३५२ | ३५२ | ० |
| | | कैफियत प्रतिवेदन | ० | १२ | १२ | १२ | ० |
| | | फुटकर निवेदन | ० | ८५ | ८५ | ८५ | ० |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा भएको फैसला कार्यान्वयनको लगत, फछ्यौंट र बाँकी जिम्मेवारीको विवरण तालिका नं. ४ प्रस्तुत गरिएको छ।

**तालिका नं. ४ - फैसला कार्यान्वयनको लगत तथा फछ्यौंट विवरण**

| क.स | मुद्दाको प्रकृति | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्यौंट | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | विगो भराउने | ४ | ७ | ११ | ७ | ४ |
| | चलन चलाउने | ० | ० | ० | ० | ० |
| | बण्डा छुट्याउने | ५ | ९ | १४ | १२ | २ |
| | क्षतिपुर्ति भराउने | ० | ० | ० | ० | ० |
| | मानाचामल भराउने | ० | ० | ० | ० | ० |
| | अन्य | ० | ० | ० | ० | ० |
| | जम्मा | ९ | १६ | २५ | १९ | ६ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा भएको कैद र जरिबानाको लगत, फछ्यौंट र बाँकी जिम्मेवारीको विवरण तालिका नं. ५ प्रस्तुत गरिएको छ।

**तालिका नं. ५ - दण्ड र जरिवानाको लगत तथा फछ्यौंट विवरण**

| क.स | बिषय | जिम्मेवारी सरेको | नयाँ लगत | जम्मा लगत | फछ्यौंट | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | कैद | ५२८।८।८ | १६८।११।१५ | ६९७।७।२४ | १७५।२।९ | ५२२।५।१५ |
| | जरीवाना | १,२०,१४,११२।८७ | ३३,८७,८१० | १,५४,०१,९२२।८७ | ४६,७७,४२० | १,०७,२४,५०२।८७ |

### ४.३.१.२ सुपरिवेक्षण तथा निरिक्षणतर्फ

यस आ.व.को बार्षिक कार्ययोजनाले निर्धारण गरे बमोजिम मुद्दाको आन्तरिक निरीक्षण, मुद्दाको अंग पुऱ्याउने कार्य लक्ष्य अनुरुप प्रगति भएको देखिन्छ। यस अदालतबाट जिल्ला स्थित अर्धन्यायिक निकायहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र जिल्ला वन कार्यालयका साथै स्थानीय तहका नगरपालीका तथा गाउँपालिकाको निरिक्षण गरी निर्देशन दिएको पाईयो।

### ४.३.१.३ व्यवस्थापकीय कार्यतर्फ

यस अदालतले आ.व. ०७५/०७६मा Judicial outreach ३ पटक meet the judge प्रत्येक महिना १ पटक योजनाको आन्तरिक प्रहती समिक्षा २ पटक योजना कार्यान्वयनको सम्बन्धमा सरोकारवाला सँग अन्तरक्रिया १ तामेलदार र स्थानिय तहका सचिवहरु बिच अन्तरक्रिया १ पटक ६० थान मिसिल सडाउने पर्ने, संञ्चारकर्मीहरुसँग अन्तरक्रिया २ पटक र मुद्दा टिपोट १३० थान लक्ष्य लिएकोमा शतप्रतिशत प्रगति हासिल भएको छ।न्यायक्षेत्र समन्वय समितिको बैठक र वार सरकारी वकीलसँगको अन्तरक्रिया योजना लक्ष्य अनुरुप पुरा हुन सकेको पाईएन।

## ४.४ ओखलढुंगा जिल्ला अदालतः- समुह "क" -

### ४.४.१ लगत तथा फछ्र्यौट :-

### ४.४.१.१ मुद्दा तर्फ

**अनुमानित लगत संख्या — ३३१, वास्तविक लगत - ३५२**
**फछ्र्यौट लक्ष्यः ७५% - प्रगति : ५५.११%**

यस अदालतमा आ.व. २०७५/०७६ सालमा जिम्मेवारी सरी आएको, नयाँ दर्ता र फछ्र्यौट तथा बाँकी रहेको मुद्दाको एकमुष्ठ विवरण तालिका नं. १ प्रस्तुत गरिएको छ।

**तालिका नं. १ - सम्पूर्ण मुद्दाको लगत तथा फछ्र्यौट विवरण**

| जिम्मेवारी सरी आएको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | फछ्र्यौट लक्ष्य | वास्तविक फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| ७६ | २७६ | ३५२ | १९४ | ७५% | ५५.११% | १५८ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा जिम्मेवारी सरी आएको, नयाँ दर्ता, फछ्र्यौट तथा बाँकी रहेको शुरु मुद्दा, पुनरावेदकीय क्षेत्राधिकार अन्तर्गतको मुद्दा र रिट मुद्दाहरुको प्रकृति अनुसारको विवरण तालिका नं. २ प्रस्तुत गरिएको छ

**तालिका नं. २ - मुद्दाको प्रकृति अनुसार लगत तथा फछ्र्यौट**

| क्र.स | मुद्दाको प्रकृति | | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | शुरु मुद्दा | व्यक्तिवादी देवानी | ४४ | १५९ | २०३ | १०१ | १०२ |
| | | व्यक्तिवादी फौजदारी | २० | ५८ | ७८ | ४८ | ३० |
| | | सरकारवादी फौजदारी | ११ | ५५ | ६६ | ४२ | २४ |
| २ | पुनरावेदकीय | व्यक्तिवादी देवानी | ० | २ | २ | ० | २ |
| | | सरकारवादी फौजदारी | १ | २ | ३ | ३ | ० |
| ३ | रिट | बन्दीप्रत्यक्षीकरण | ० | ० | ० | ० | ० |
| | | निषेधाज्ञा | ० | ० | ० | ० | ० |
| जम्मा | | | ७६ | २७६ | ३५२ | १९४ | १५८ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा दर्ता हुन आएको निवेदन, प्रतिवेदन र फुटकर निवेदनको विवरण तालिका नं. ३ प्रस्तुत गरिएको छ।

**तालिका नं. ३ - निवेदन प्रतिवेदनको लगत तथा फछ्र्यौट विवरण**

| क्र.स | मुद्दाको प्रकृति | | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | मुद्दा | निवेदन | ० | ६६१ | ६६१ | ६६१ | ० |
| | | कैफियत प्रतिवेदन | ० | ९८ | ९८ | ९८ | ० |
| | | फुटकर निवेदन | ० | ७२ | ७२ | ७२ | ० |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा भएको फैसला कार्यान्वयनको लगत, फछ्र्यौट र बाँकी जिम्मेवारीको विवरण तालिका नं. ४ प्रस्तुत गरिएको छ।

**तालिका नं. ४ - फैसला कार्यान्वयनको लगत तथा फछ्र्यौट विवरण**

| क्र.स | मुद्दाको प्रकृति | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | विगो भराउने | १८ | २३ | ४१ | ३२ | ९ |
| | चलन चलाउने | १ | ५ | ६ | ४ | २ |
| | बण्डा छुट्याउने | ३ | २८ | ३१ | १८ | ११ |
| | क्षतिपुर्ति भराउने | ० | ० | ० | ० | ० |
| | मानाचामल भराउने | ० | १ | १ | ० | १ |
| | अन्य | ० | २ | २ | २ | ० |
| | जम्मा | २२ | ५९ | ८१ | ५६ | २३ |

यस अदालतमा आ.व. २०७५/०७६ सालमा भएको कैद र जरिबानाको लगत, फछ्र्यौट र बाँकी जिम्मेवारीको विवरण तालिका नं. ५ प्रस्तुत गरिएको छ।

**तालिका नं. ५ दण्ड जरीवाना - दण्ड र जरिवानाको लगत तथा फछ्र्यौट विवरण**

| क्र.स | बिषय | जिम्मेवारी सरेको | नयाँ लगत | जम्मा लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | कैद | ६९०।५।२२ | ३४७।११।० | १०३८।४।२२ | ३७८।११।५ | ६५९।५।१७ |
| | जरीवाना | ५७,७३,२५४ | ६२,१५,५१२ | १,१९,८८,७६६ | २७,४४,४९७.६ | ९२,४४,२६८.४ |

### ४.४.१.२ सुपरिवेक्षण तथा निरिक्षण तर्फ

यस आ.व.को बार्षिक कार्ययोजनाले निर्धारण गरे बमोजिम मिसिलहरुको आन्तरिक निरीक्षण, मुद्दाको अंग पुऱ्याउने कार्य लक्ष्य अनुरुप प्रगति भएको देखिन्छ। यस अदालतबाट जिल्ला स्थित अर्धन्यायिक निकायहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र जिल्ला वन कार्यालयकासाथै स्थानीय तहका नगरपालीका तथा गाउँपालिकाको निरिक्षण गरी निर्देशन दिएको पाईयो।

### ४.४.१.३ व्यवस्थापकीय कार्यतर्फ

यस आ.व. मा योजनाको आन्तरिक प्रगति समिक्षा ३ पटक, योजना कार्यान्वयनको सम्बन्धमा सरोकारवालाहरुसंग अन्तरक्रिया ३ पटक, संचारकर्मीहरुसंग अन्तरक्रिया २ पटक गर्ने गरी वार्षिक कार्यान्वयन योजना तर्जुमा गरेकोमा शत प्रतिशत प्रगति भएको छ। Judicial outreach ४ पटक, meet the judge कार्यक्रम ६ पटक, न्यायाक्षेत्र समन्वय समितिको बैठक ३ पटक, बार र सरकारी वकिलसँग अन्तरक्रिया ३ पटक र स्थानिय निकायका सचिवहरुबिच अन्तरक्रिया २ पटक गर्ने लक्ष्य लिएकोमा लक्ष्य अनुरुप प्रगति भएको पाइएन।

# परिच्छेद- ५
## समस्या र समाधानका सुझावहरु

न्याय प्रशासन ऐन, २०७३ को दफा ५ को उपदफा (३) को प्रावधान बमोजिम नेपाल सरकारको निर्णय अनुसार २०७३ असोज ३ गते यस अदालतको स्थापना भएको हो । यस अदालतको क्षेत्राधिकारभित्र ४ वटा जिल्ला सोलुखुम्वु, ओखलढुंगा, खोटाङ्ग र उदयपुर रहेका छन्। यसलाई आफ्नो अधिकार क्षेत्रको काम कारवाहीका अतिरिक्त यस अन्तर्गतका अदालतको काम कारवाहीको निरीक्षण तथा अनुगमन गर्ने अधिकार रहेको छ । यस अदालत र अन्तर्गतको अदालतले संबिधान, कानूनले तोकेका काम कारवाहीहरुलाई सम्पन्न गर्दै आएको छ । तथापी बिभिन्न ब्यबस्थापकीय तथा भौतिक र जनशक्तिका समस्याका कारणले योजना अनुरुप त्यस्ता काम कारवाहीहरु सम्पन्न हुन सकेको छैनन् । ती मध्ये मुख्य मुख्य समस्या र समाधानका सुझावहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

- यो अदालत साविकको पुनरावेदन अदालत राजविराजको ओखलढुंगा मुकामको भवन रहेको छ। यो भवन २०४४ सालमा निर्माण पुरा भई उद्घाटन भएको देखिन्छ । यस भवनमा जम्मा १० वटा कोठा रहेको र ती पनि साना र साँघुरा रहेका छन् । यसै आ.व.मा टहरा भवन निर्माण गरी केही कोठाहरु थप गरिएता पनि ती कोठाहरु यस अदालतको काम कारवाही अनुरूपका बिभिन्न फाँटहरु राख्न समेत अपर्याप्त रहेका छन् । एकै कोठामा बिभिन्न फाँटहरुलाई राख्नु पर्ने अवस्था रहेको छ । यसका लागि भौतिक पूर्वाधार विकासमा पहल गर्नु पर्ने देखिन्छ ।
- यसै आ.व. बाट यस अदालतमा नयाँ दरवन्दी संरचना पास भई थप जनशक्ति प्राप्त भएको छ। ती जनशक्ति तथा अदालतमा रहेका पर्याप्त भौतिक सुबिधाहरु टेबुल, कुर्सी, कम्प्युटर आदि रहेको छैन। यस अदालतमा रहेको जनशक्ति समेतका अनुपातमा टेवुल, कुर्सी, कम्प्युटर जस्ता सामाग्री खरिद गर्ने र त्यस्ता सामाग्रीका लागि स्रोत व्यवस्था हुनु पर्ने देखिन्छ ।
- यस आ.व.मा अनुमान भन्दा धेरै बढी मुद्दा परेको र यस अनुपातमा न्यायाधीशको दरवन्दी समेत कम रहने अवस्था रहेकोले न्यायाधीशको दरवन्दीका लागि पहल गर्नु पर्ने देखिन्छ ।
- अदालतको सुरक्षा तथा अदालतमा रहने भौतिक साधनहरुको सुरक्षाका लागि गाडी ग्यारेज र अदालत परिसरमा कम्पाउड वाल रहेको छैन, त्यसका लागि स्रोतको व्यवस्थापन हुन आवश्यक रहेको छ ।

- ❖ अदालत भवनभित्र न्यायाधीशहरुको च्याम्वरमा दुईवटा र कर्मचारीको लागि एकवटा शौचालय रहेको छ । अदालत परिसरमा सेवाग्राहीको ट्वाइलेटको व्यबस्था नरहेकोले सो निर्माणका लागि आवश्यक स्रोतको व्यवस्थापन हुनु पर्ने देखिन्छ ।
- ❖ यो अदालत स्थापना भए पश्चात उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिसिल तथा अभिलेखका मिसिलहरु प्राप्त भई कार्य संचालन हुदै आएतापनि केही अभिलेख तथा मुतलवी रहेका मिसिलहरु अझै प्राप्त हुन सकेको पाईदैन । यस्ता मिसिलहरु खोजतलास गरी पठाईदिन तथा यस स्थितिको बारेमा जानकारी प्राप्त हुनु पर्ने देखिन्छ ।
- ❖ यस अदालतले बिभिन्न कार्यहरु सूचना प्रविधिको प्रयोगबाट गर्दै आएको छ । तथापी इनटरनेट सेवा ढिलो र समय समयमा अवरुद्ध हुने गरेका कारण छिटो छरितो न्याय सम्पादनको काममा बाधा आउने गरेको छ । ईन्टरनेट सेवाका सुचारू गर्नका लागि थप वैकल्पिक ईन्टरनेट सेवा तथा सोका लागि स्रोत व्यवस्था हुनु पर्ने देखिन्छ ।
- ❖ यस अदालतमा न्यायाधीशहरुलाई सुविधावापत बाहेक अफिस प्रयोजनका लागि एकवटा गाडी रहेको छ। यस जिल्लाको भौगोलिक अवस्था समेतले साना सवारी साधनहरु नरहेकोले सदरमुकाम भित्र तथा बाहिरका चिठी पूर्जी लैजान तथा म्याद तामेलीका लागि समस्या हुने गरेको छ । यसका लागि मोटरसाईकलको व्यवस्था हुनु पर्ने देखिन्छ।
- ❖ मातहतका जिल्ला अदालत लगायतका अन्य कार्यालयहरुसंगको हुने पत्राचार तथा मिसिल आदान प्रदान हुलाकमार्फत हुने गरेको छ। हुलाकमार्फत मिसिल कागजहरु आउन लामो समयसम्म बाटोमै लाग्ने स्थिति रही काम कारवाहीलाई प्रभाव परेको छ। अन्य निकायबाट आउनुपर्ने आदेशानुसारको मिसिल, कागजात तथा जवाफ आउनमा बिलम्व हुने गरेकोछ।यसका लागि सरोकारवाला निकाय लगायतका सम्बन्धित निकायहरुमा पहल गर्नु पर्ने देखिन्छ।

# परिच्छेद —छ
# विविध

६.१ बार्षिक प्रतिवेदन फाराम

६.२ अनुसूची फारामहरु १ देखि ३१ सम्म